**३६. वडा बाल अधिकार समिति :** (१) महानगरपालिकाको प्रत्येक वडामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गर्न वडा बाल अधिकार समिति गठन गर्नुपर्नेछ ।

(२) वडा बाल अधिकार समितिमा देहायबमोजिमको अध्यक्ष र सदस्य रहनेछः

(क) वडा अध्यक्ष -अध्यक्ष

(ख) वडा समितिले तोकेको वडा सदस्य दुई जना -सदस्य

(ग) वडामा रहेका विद्यालयका प्रधानाध्यापक वा बाल संरक्षण शिक्षक मध्येबाट १ जना महिला सहित वडा समितिले मनोनित गरेको २ जना -सदस्य

(घ) बाल मनोविज्ञ मध्येबाट वडा समितिले मनोनित गरेको १ जना -सदस्य

(ङ) वडा तहमा बालबालिकाको हक अधिकार प्रवर्धन एवम् बाल संरक्षणका क्षेत्रमा

क्रियाशील संस्था वा अभियान मध्येबाट १ जना महिलासहित वडा समितिले

मनोनित गरेको २ जना -सदस्य

(च) वडामा कार्यरत महिला स्वास्थ्य स्वयम्सेविका मध्येबाट वडा समितिले मनोनित गरेको १ जना -सदस्य

(छ) वडातहमा रहेको प्रहरी कार्यालयका प्रमुख वा निजले तोकेको

अधिकृत प्रतिनिधि -सदस्य

(ज) वडा बाल क्लब सञ्जालका अध्यक्षसहित सञ्जालले छनौट गरेको

२ जना (बालक र बालिका) -सदस्य

(झ) वडा सचिव -सदस्य सचिव

**३७. वडा बाल अधिकार समितिको बैठकसम्बन्धी व्यवस्था :** वडा बाल अधिकार समितिको बैठकसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ-

(क) बैठक कम्तीमा दुई महिनामा एक पटक अध्यक्षले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।

तर, वडा बाल अधिकार समितिले आवश्यक ठानेमा जुनसुकै बेला बैठक बस्न सक्नेछ ।

(ख) वडा बाल अधिकार समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ । सदस्य सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयको सूची तीन दिन अगावै वडा बाल अधिकार समितिका सदस्यलाई उपलब्ध गराउनुपर्नेछ ।

(ग) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(घ) बैठकमा उपस्थित सदस्यको बहुमतको निणर्यलाई बैठकको निर्णय मानिनेछ । मत बराबर भएमा भने बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(ङ) बैठकको अध्यक्षता वडा बाल अधिकार समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(च) वडा बाल अधिकार समितिको बैठकमा आवश्यकताअनुसार बाल अधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, सघंसंस्थाका प्रतिनिधि एवम् पेसागत विज्ञ वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(छ) वडा बाल अधिकार समितिको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरी सदस्य सचिवले अभिलेख राख्नेछ ।

(ज) वडा बाल अधिकार समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(झ) समितिको बैठक तथा सञ्चालन खर्च प्रचलित नियमानुसार हुनेछ ।

(ञ) वडा कार्यालयले वडा बाल अधिकार समितिको सचिवालयको रूपमा कार्य गर्नेछ ।

**३८. वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार :** वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) वडाभित्रका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने,

(ख) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन गर्ने तथा अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(ग) वडाको योजना तर्जुमा तथा स्रोत विनियोजनका लागि बालबालिकाको विषयलाई प्राथमिकतामा राख्न तथा वडाबाट प्रस्तावित हुने बालबालिकासम्बन्धी योजना, नीति र कार्यक्रम निर्माण गर्न वडा समितिलाई प्राविधिक सहयोग गर्ने, गराउने,

(घ) वडाभित्र आधारभूत तहको शिक्षा प्राप्त गर्ने उमेर समूह (अर्थात १३ वर्ष उमेर नपुगेका) का सबै

बालबालिका विद्यालयमा आएको, पढाइलाई निरन्तरता दिएको तथा कानुनविपरीत बालबालिका श्रममा संलग्न भए/नभएको यकिन गर्न निरन्तर अनुगमन गर्ने, गराउने,

(ङ) वडा भित्र दफा १६ को उपदफा (५) बमोजिमको विवरण लिने र बालबालिकालाई श्रममा लगाउने रोजगारदाताको सूचीकरणसम्बन्धी कार्य गर्ने र सोसम्बन्धी अभिलेख समितिसमक्ष पेस गर्ने,

(च) वडा तहमा बाल अधिकारका सचेतना र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(छ) वडामा बाल संरक्षण तथा बाल अधिकारको प्रवर्धनका लागि सञ्चालित योजना तथा कार्यक्रमको कार्यान्वयनको स्थितिको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्दै प्रगति प्रतिवेदन वडा समिति तथा महानगर बाल अधिकार समितिसमक्ष पेस गर्ने,

(ज) सार्वजनिक सुनुवाइका समयमा स्थानीय तहबाट सम्पन्न भएका बाल अधिकारसम्बन्धी कार्यको प्रगति विवरण सार्वजनिक गर्ने,

(झ) वडालाई बालमैत्री बनाउने प्रक्रियामा वडा समितिलाई सघाउने,

(ञ) बाल अधिकार हननका घटनाबारे आएका सूचना तथा उजुरीलाई महानगरपालिकाको न्यायिक समिति वा अन्य सम्बन्धित निकायमा सिफारिस गरी पठाउने,

(ट) पीडित एवम् प्रभावित बालबालिकाको उद्धार, संरक्षणका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने तथा समितिको निर्देशनअनुरूप कार्य गर्ने,

(ठ) वडा तहको योजना निर्माणमा बालबालिकाको सहभागिता सुनिश्चित गर्न वडास्तरीय बाल भेला तथा बालसभा आयोजना गर्नुका साथै भेला तथा सभाको सहजीकरणमा सघाउने,

(ड) वडा बाल अधिकार समितिका बैठकका निर्णय एवम् सम्पन्न गरिएका कामकारवाहीको अभिलेख दुरूस्त एवम् सुरक्षित राख्ने,

(ढ) महानगरपालिका, समिति तथा वडा समितिले तोकेका अन्य कार्य गर्ने, गराउने ।